# स्थानीय स्वायत्त शासन विभागको
## सूचना

काठमाडौं नगरपञ्चायतको चुनावको निमित्त मतदाताहरूको नामनमेसीको फिरिस्त यही वैशाख २३ गतेदेखि ज्येष्ठ १ गतेसम्म दिन १० सबै जनताहरूले हेर्न पाउने गरी जुन जुन वडाको फिरिस्त हो, सोही सोही वडामा टाँसिने भएको छ। मतदाताहरूको सूचितमा चित नबुझ्नेले नाम छुटेको छ भनी अथवा नगरपञ्चायतको ऐनअनुसार मत दिन नपाउने (क) हावा बिग्रेका, (ख) महारोगी (ग) टाटउल्टो ऋण तिर्न नसकी साहूको दामासाहीमा परेका, (घ) चुनावसम्बन्धी केही अपराध गरी सजाय पाएका, (ङ) कुनै अपराधमा ६ महिनाभन्दा बढ्ता कैद सजाय पाएका वा तोकिएका र आइन्दालाई असल चालचलनको निमित्त जमानत राख्नुपर्ने भएका, (च) भिक्षा मागी जीविका चलाउने वा भिक्षा माग्ने पेशा नछाडेका, (छ) सरकारबाट हद भएका संस्थाको सदस्यहरूको कसैको नाम सूचिमा लेखिएको भए वा अरू कुनै किसिमको उजुरी दिन आउनपरे यही ज्येष्ठ १ गतेसम्ममा इलेक्शन अफिसर डिपुटी सेक्रेटरी गेहेन्द्रबहादुर काठमाडौं नगरपञ्चायत अड्डामा आफ्नु आफ्नु उजुर पेश गर्न जानुहोला। इलेक्शन अफिसर काठमाडौं नगरपञ्चायत अड्डामा दिनको २ बजेदेखि ५ बजेसम्म रहनेछन्।

उजुरी पेश गर्ने सज्जनहरूले मतदाता प्रकाश गरेका मितिदेखि दशदिनसम्ममा इलेक्शन अफिसर भएको बखतमा इलेक्शन अफिसरको हातमा उजुरी दिनुहोला। इलेक्शन अफिसर उपस्थित नभएको बेलामा का. न. पं. नगरपञ्चायत अड्डामा राखेको इलेक्शनको उजुरी भनी लेखेको चिठ्ठीको बाकसमा उजुरी खसाल्नुहोला।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५०२



तपसीलबमोजिमका वार्डहरुका नाम्रावली भएका बोर्डहरु तपसीलबमोजिमको पुलीस चौकीसँका ठाउँहरुमा राखिनेछन् ।

वार्ड नं. १ —— त्रिपुरेश्वर

वार्ड नं. २ —— लगन

वार्ड नं. ३ —— यङ्गाल

वार्ड नं. ४ —— पिपलको रुख । शुद्धसडक

वार्ड नं. ५ —— भीमसेनथान

वार्ड नं. ६ —— बट्टु

वार्ड नं. ७ —— भेडासिङ

वार्ड नं. ८ —— असन

वार्ड नं. ९ —— बाँङ्गेमुढा

वार्ड नं. १० —— नरदेवी

वार्ड नं. ११ —— दमाईटोल

वार्ड नं. १२ —— पकनाजोल

वार्ड नं. १३ —— (ठमेल) ठमेल पुलीसचोकी

वार्ड नं. १४ —— पानीपोखरी

वार्ड नं. १५ —— भाटभटेनी

वार्ड नं. १६ —— नक्साल

वार्ड नं. १७ —— पुतलीसडक

वार्ड नं. १८ —— डिल्लीबजार

आज्ञाले,
सेक्रेटरी टंकप्रसाद अधिकारी.

५०२

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।